## निर्वाचन आयोगको

### सूचना १

संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७० को दफा १४ मा "निर्वाचन प्रचार-प्रसारको प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा कुल क्षेत्रफल तीनसय वर्ग इञ्चसम्मको आकारको पर्चामात्र प्रयोग गर्नुपर्नेछ, त्यस्तो पर्चा छपाउँदा एक रङ्गमा मात्र छपाउनु पर्नेछ र प्रत्येक पर्चामा मुद्रक र पर्चा छपाउने राजनीतिक दल वा उम्मेदवार समेतको नाम र ठेगाना उल्लेख गर्नुपर्नेछ ।" भन्ने व्यवस्था भएकोमा निर्वाचन प्रचार प्रसारको प्रयोजनको लागि प्रयोग हुने पर्चाको आकार ७५ ग्रामसम्मको कागजमा कुल क्षेत्रफल ३०० वर्ग इञ्चमा नबढ्ने गरी १५X२० वा २०X१५ वर्ग इञ्च आकारको पर्चा छाप्न पाउने गरी आचार संहिताको सो व्यवस्थालाई स्पष्ट पारिएको हुँदा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आयोगले सम्वत् २०७१ साल असार ८ गते हुने काठमाण्डौ निर्वाचन क्षेत्र नं. २, चितवन निर्वाचन क्षेत्र नं.४, बर्दिया निर्वाचन क्षेत्र नं. १ र कैलाली निर्वाचन क्षेत्र नं. ६ को रिक्त संविधानसभा सदस्यको उपनिर्वाचनको सिलसिलामा सोही ऐनको दफा २१ अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान तथा तहकिकातको प्रयोजनको लागि सम्बन्धित जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई अनुसन्धान अधिकारी तोकेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

**महेश्वर न्यौपाने**

निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

## कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको सूचना

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण, नेपालगञ्जको लेखा सदस्य पदमा कोष तथा लेखा नियन्त्रक कार्यालय, बाँकेका प्रमुख कोष तथा लेखा नियन्त्रक श्री शिवलाल तिवारीलाई तोकेको छ ।

आज्ञाले,
**भेषराज शर्मा**
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरवार



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

६०६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।